आज मिति २०८३ साल भदौ १७ गते बुधबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ६४ (चौसट्ठीऔं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृतः श्री सुषमा महता के.सी.

नमोबुद्ध नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

संवत् २०८३ साल भदौ १६ गतेको ६४ औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको संक्षिप्त विवरण।

| क्र.सं. | निर्णय |
|---|---|
| १. | नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको समीक्षा गरियो। |
| २. | श्री वन्यजन्तु संरक्षण संघ नेपाल र नगरपालिका बीच सहकार्य गर्न समझदारी पत्र (Memorandum of Understanding (MoU)) गर्ने। |
| ३. | नमोबुद्ध नगरपालिकामा भूसेवा केन्द्रबाट प्रवाह गरिने भूसेवा शुल्क रु. १,५०० तोक्ने। |
| ४. | मिति २०८३ भदौ १० गते आएको रसुवा बाढीबाट मृतकहरुप्रति समवेदना प्रकट गर्दै प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा सहयोग स्वरूप रकम जम्मा गर्ने। |
| ५. | नमोबुद्ध नगरपालिका वडा नम्बर ०८ स्थित श्री ह्याङला कोम्हेन्दो र वडा नम्बर ०७ स्थित श्री कुवापानी च्यानडाँडा संरक्षण समिति नामक संस्था नियमानुसार दर्ता गर्ने। |
| ६. | नेपाल सरकारबाट सञ्चालित आन्तरिक रोजगार प्रवर्द्धन कार्यक्रमका लागि विनियोजित कुल बजेटमा पालिकाको शतप्रतिशत (१०० प्रतिशत) लागत साझेदारी रहने गरी ज्यालामा आधारित रोजगारी सिर्जना हुने योजना संचालन गर्ने। |
| ७. | नमोबुद्ध नगरपालिकाको वडा नम्बर ०१ र ११ स्थित नमोबुद्ध परिसर क्षेत्रमा नमोबुद्ध क्षेत्र विकास समितिले पार्किङ शुल्क नियमानुसार उठाई पार्किङ शुल्कको ५०% रकम प्रत्येक ६ महिनामा नगरपालिकामा दाखिला गर्ने। |
| ८. | नगरपालिका भित्रका सम्पूर्ण वडाले असोज १० गतेसम्म सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको नवीकरण कार्य सम्पन्न गर्ने र सोही बमोजिम नवीकरण भएका लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता निकासा गर्ने व्यवस्था मिलाउने। |

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम प्रमाणित

नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको निर्णयहरु